# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, असोज ६ गते, २०७९ साल (अतिरिक्ताङ्क २०

भाग ३

गण्डकी प्रदेश सरकार

## कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयको सूचना

### गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९

<u>**प्रस्तावना:**</u> सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई इन्टरनेटको माध्यमबाट प्रकाशित पत्रपत्रिका सम्झनु पर्छ ।

(ख) "प्रकाशन संस्था" भन्नाले समाचार पत्र, पत्रिका र अन्य छापा सञ्चार सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(घ) "प्रसारण संस्था" भन्नाले प्रचलित कानून बमोजिम कार्यक्रम प्रसारण गर्न ईजाजत पत्र प्राप्त रेडियो, एफ.एम रेडियो, तथा टेलिभिजन सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "लोककल्याणकारी विज्ञापन" भन्नाले यस कार्यविधि बमोजिम सञ्चार माध्यमलाई प्रकाशन वा प्रसारणको लागि उपलब्ध गराइने चेतनामूलक एवम् सन्देशमूलक सामग्री सम्झनु पर्छ ।

(छ) "सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई गण्डकी प्रदेशमा सञ्चालनमा रहेका टेलिभिजन, पत्रपत्रिका, अनलाइन मिडिया, रेडियो वा एफ. एम. रेडियो सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ५ बमोजिमको लोककल्याणकारी विज्ञापन सिफारिस समिति सम्झनु पर्छ ।

३. **लोककल्याणकारी विज्ञापन संकलनः** (१) प्रदेश सरकारका निकायले लोककल्याणकारी विज्ञापन सामग्री प्रकाशन वा प्रसारण गर्नु परेमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन तथा मन्त्रालयले आवश्यक ठानेका विज्ञापन सामग्री प्रकाशन वा प्रसारणको लागि सूचीकृत भएका सञ्चार माध्यमलाई उपलब्ध गराइनेछ ।

४. **<u>सूचना प्रकाशनः</u>** (१) विज्ञापन प्रकाशन वा प्रसारण गर्ने प्रयोजनको लागि सञ्चार माध्यमलाई सूचीकृत गर्न मन्त्रालयले २१ दिनको समय दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन प्रकाशन वा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले अनुसूची-२ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न राखी रित पूर्वक निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमति पत्र नविकरण भएको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवम् लेखा परीक्षण प्रतिवेदन,

(छ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,

(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा ३२० दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ३२० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ४५ अंक प्रकाशन भएको, स्वघोषणा पत्र ।

(३) उपदफा (१) बमोजिमको म्याद भित्र तथा उपदफा (२) बमोजिमको कागजात पेश नगर्ने सञ्चार माध्यमलाई यस कार्यविधि बमोजिम लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन ।

५. <u>**लोककल्याणकारी विज्ञापन सिफारिस समितिः**</u> (१) दफा ४ बमोजिम रीतपूर्वक प्राप्त दरखास्त उपर छानविन तथा मूल्याङ्कन गरी लोककल्याणकारी विज्ञापन वितरणका लागि सञ्चार माध्यमलाई सूचीकृत गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) अधिकृतस्तरको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(घ) प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(३) समितिले छानबिन तथा मूल्याङ्कन गर्दा दफा ४ को उपदफा (२) बमोजिमका कागजातहरुलाई आधार लिनु पर्नेछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(५) समितिले सामान्यतया कार्य प्रारम्भ गरेको मितिले एक्काइस दिन भित्र छानबिन तथा मूल्याङ्कन गरी सिफारिस सहित मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

६. <u>**सूचीकृत गर्नेः**</u> (१) समितिको प्रतिवेदनको आधारमा मन्त्रालयले लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारणको लागि सञ्चार माध्यमको सूचिकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत भएको जानकारी मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिने छ।

७. **<u>लोककल्याणकारी विज्ञापनको दररेटः</u>** (१) लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने समय तालिका र लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गरे वापतको दररेट अनुसूची-३ बमोजिम हुने छ ।

(२) सूचीकृत सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापनको लागि देहाय बमोजिम नबढ्ने गरी रकम उपलब्ध गराइने छः-

(क) एफ.एम.रेडियो तर्फः

(१) १०० वाटसम्मः पन्ध्र हजार रुपैयाँ,

(२) ५०० वाटसम्मः सत्र हजार पाँच सय रुपैयाँ,

(३) सो भन्दा माथिः बीस हजार रुपैयाँ ।

(ख) टेलिभिजनतर्फः बीस हजार रुपैयाँ ।

(ग) पत्रपत्रिकातर्फः

(१) साप्ताहिक प्रकाशनः पन्ध्र हजार रुपैयाँ,

(२) दैनिक प्रकाशनः सत्र हजार पाँच सय रुपैयाँ ।

(घ) अनलाइन सञ्चार माध्यमतर्फः दश हजार रुपैयाँ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै कम्पनी वा संस्थाको दुई वा सो भन्दा बढी सञ्चार माध्यम भएमा दुई वटा सञ्चार माध्यमलाई अधिकतम चालीस हजारमा नबढ्ने गरी लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छ।

८. **<u>सम्झौता गर्नेः</u>** (१) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्न सूचीकृत भएको मितिले १५ दिन भित्र अनुसूची-४ बमोजिमको ढाँचाको निवेदन दिई अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) सम्झौता गर्दा सञ्चालक स्वयम उपस्थित हुनु पर्नेछ । सञ्चालक उपस्थित हुन नसकेमा अनुसूची-६ बमोजिमको पत्र सहित सम्झौता गर्न प्रतिनिधि खटाउन सक्ने छ ।

(३) सम्झौता बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण नगर्ने सञ्चार माध्यमलाई आगामी २ वर्ष सम्म लोककल्याणकारी विज्ञापनमा सहभागी गराइने छैन ।

९. **<u>लोककल्याणकारी विज्ञापन उपलब्ध गराउनेः</u>** स्वीकृत बजेटको अधिनमा रही दफा ८ बमोजिम सम्झौता गरेका सञ्चार माध्यमहरुलाई मन्त्रालयले सम्झौता भएको १५ दिन भित्र लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने छ।

१०. **<u>प्रकाशन वा प्रसारण गर्नेः</u>** दफा ९ बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन सञ्चार माध्यमले ४५ दिन भित्र प्रकाशन वा प्रसारण गरि सक्नु पर्नेछ ।

११. **भुक्तानी गर्ने:** (१) सञ्चार माध्यमले देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा प्रकाशन वा प्रसारण सम्पन्न गरेको ३० दिन भित्र भुक्तानीको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछः-

(क) रसिद/बील
(ख) पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन प्रकाशित भएको अंक (सक्कलै)
(ग) रेडियो/एफ.एम रेडियो हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको अडियो संलग्न पेन ड्राइभ वा सी.डी.
(घ) टेलिभिजनको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको भिडियो संलग्न पेन ड्राइभ वा सी.डी.
(ङ) अनलाईन सञ्चार माध्यमको हकमा स्क्रिन सटको प्रिन्ट प्रति
(च) सम्झौता पत्रको प्रतिलिपि
(छ) राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त बैंकको खाता नं देखिने चेकको प्रतिलिपि

(२) मन्त्रालयले सञ्चार माध्यमलाई रकम भुक्तानी गर्दा नियमानुसारको करकट्टी गरी सञ्चार माध्यम सञ्चालन गर्ने संस्था वा सञ्चार माध्यमको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

(३) यो कार्यविधि अनुसार लोककल्याणकारी विज्ञापन वितरण प्रक्रिया पूरा नगरेका वा उपदफा (१) बमोजिमका कागजात सहित समयमै रीतपूर्वक निवेदन नदिएमा मन्त्रालयले लोककल्याणकारी विज्ञापन वापत कुनै प्रकारको भुक्तानी दिने छैन।

१२. **निर्देशन दिने:** सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार माध्यमको कर्तव्य हुने छ ।

१३. **वाधा अड्काउ फुकाउने:** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **अनुसूचीमा हेरफेर:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनको सूचनाको ढाँचा**

लोककल्याणकारी विज्ञापनमा सहभागि हुनको लागि सञ्चार माध्यमलाई सूचीकृत गर्न दरखास्त आव्हान गरिएको ................................. मन्त्रालयको सूचना

प्रकाशित मितिः..........................

सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि सूचिकृत गर्ने प्रयोजनार्थ गण्डकी प्रदेशमा कार्यरत सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ को अनुसूची-२ को ढाँचामा २१ दिन भित्र दरखास्त दिन यो सूचना प्रकाशन गरिएको छ। साथै लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ मन्त्रालयको वेवसाइट www.molcpa.gandaki.gov.np मार्फत प्राप्त गर्न सकिने छ ।

अनुसूची- २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनका लागि आवेदन दिने दरखास्तको ढाँचा**

मितिः

श्रीमान सचिव ज्यू,
........................................ मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषयः सूचीकृत गरी विज्ञापन प्रकाशन/प्रसारणमा सहभागी गराई पाउँ ।**

उपरोक्त विषयमा मिति ................................ मा तहाँ मन्त्रालयबाट आह्वान भएको सूचना बमोजिम लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रममा सहभागी गराई पाउन यस कार्यविधिको दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. निवेदन दिने सञ्चार माध्यमको विवरण :

नामः
ठेगाना :
फोन नं :
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः

(क) पत्रपत्रिका
(ख) रेडियो/एफ. एम रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नः
इमेल ठेगानाः

संस्थाको छाप
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखतः

**<u>संलग्न कागजातहरु</u>**

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमति पत्र नविकरण भएको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवम् लेखा परीक्षण प्रतिवेदन,

(छ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,

(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको,

प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा ३२० दिन नियमित प्रसारण भएको,

दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ३२० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ४५ अंक प्रकाशन भएको स्वघोषणा पत्र

अनुसूची- ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने समय तालिका र दररेट</u>**

मूल्य अभिबृद्धि कर सहितको दररेट

(क) पत्रपत्रिका तर्फ प्रति अंक

| स्थान | प्रकार (साइज) | रङ्ग | रकम |
|---|---|---|---|
| कभर पृष्ठ | पूरा | रङ्गीन | रु.५०००।- |
| कभर पृष्ठ | आधा | रङ्गीन | रु.२५००।- |
| कभर पृष्ठ | एक चौथाइ | रङ्गीन | रु.१२५०।- |
| भित्रि पृष्ठ | पूरा | रङ्गीन | रु.४०००।- |
| भित्रि पृष्ठ | आधा | रङ्गीन | रु.२०००।- |
| भित्रि पृष्ठ | एक चौथाइ | रङ्गीन | रु.१०००।- |
| भित्रि पृष्ठ | पूरा | श्यामस्वेत | रु.३०००।- |
| भित्रि पृष्ठ | आधा | श्यामस्वेत | रु.१५००।- |
| भित्रि पृष्ठ | एक चौथाइ | श्यामस्वेत | रु.७५०।- |

नोटः १. साप्ताहिक पत्रिकाले १ अंकमा फरक फरक २ वटा सूचना प्रकाशन गर्दा २ अंक मानिनेछ ।

२. कम्तीमा एउटा सूचना कभर पृष्ठमा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(ख) रेडियो/एफ.एम रेडियो तर्फ (प्रति मिनेट) रु.

| समयको वर्गीकरण | ५०० वाट भन्दा माथि | ५०० वाट सम्म | १०० वाट सम्म |
|---|---|---|---|
| सुपर प्राइम | रु. ४००।- | रु. ३५०।- | रु. ३००।- |
| प्राइम | रु. ३५०।- | रु. ३००।- | रु. २५०।- |
| सामान्य | रु. ३००।- | रु. २५०।- | रु. २००।- |

नोटः कम्तीमा एउटा सूचना सुपर प्राइम समयमा अनिवार्य रुपमा प्रसारण गर्नु पर्नेछ।

(ग) टेलिभिजन तर्फ (प्रति मिनेट) रु.

| समयको वर्गीकरण | रकम |
|---|---|
| सुपर प्राइम | रु. १५००।- |
| प्राइम | रु. १२००।- |
| सामान्य | रु. ९००।- |

नोटः कम्तीमा एउटा सूचना सुपर प्राइम समयमा अनिवार्य रुपमा प्रसारण गर्नु पर्नेछ ।

(घ) अनलाईन सञ्चार माध्यम तर्फ प्रति विज्ञापन प्रति दिन
गृह पृष्ठको लागि रु. ७५०।—
भित्रि पृष्ठको लागि रु.५००/-
नोटः कम्तीमा पचास प्रतिशत सूचना गृह पृष्ठमा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ ।

अनुसूची- ४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनका लागि सम्झौता गरिपाउँ भन्ने निवेदनको ढाँचा**

मितिः-......................

श्रीमान् सचिवज्यू

,..................................... मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा ।

**विषयः लोककल्याणकारी विज्ञापनको लागि सम्झौता गरिपाउँ भन्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट मिति.................... प्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन कार्यकममा सहभागी हुन सूचीकृत भएकोले नियमानुसार सम्झौता गर्नको लागि अनुरोध छ ।

संस्थाको नामः

ठेगाना :

फोन नं :

इमेल ठेगानाः

सञ्चालकको नामः

सञ्चार माध्यमको प्रकारः

(क) पत्रपत्रिका

(ख) रेडियो/एफ. एम रेडियो

(ग) टेलिभिजन

(घ) अनलाइन सञ्चार माध्यम

मोवाइल नः

इमेल ठेगानाः

.................

संस्थाको छाप

......................

सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखत

अनुसूची- ५
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## लोककल्याणकारी विज्ञापनका लागि सम्झौता

गण्डकी प्रदेश सरकार ...................... मन्त्रालय (यसपछि प्रथम पक्ष भनिएको) र ......................... (सञ्चार माध्यमको नाम) (यसपछि दोश्रो पक्ष भनिएको) का बिच लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सन्दर्भमा तपशिलका शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ।

तपशिल

१. प्रथम पक्षले दोश्रो पक्षलाई १५ दिन भित्र लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने छ।
२. दोश्रो पक्षले प्रथम पक्षद्धारा उपलब्ध गराईएका लोककल्याणकारी विज्ञापनहरु आफ्नो सञ्चार माध्यमबाट प्राथमिकता दिई प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।
३. दोश्रो पक्षले दफा ११ को उपदफा (१) बमोजिमको समयावधी भित्रमा अनुसूची-७ बमोजिमको ढाँचामा भुक्तानीको लागि निवेदन दिनु पर्नेछ ।
४. दोश्रो पक्षले निर्धारित समयमा भुक्तानीको लागि निवेदन पेश नगरेमा प्रथम पक्ष भुक्तानीको लागि बाध्य हुनेछैन।

| | | | |
|---|---|---|---|
| हस्ताक्षरः..................<br>नामः..................<br>पदः.......................<br>................ मन्त्रालय<br>गण्डकी प्रदेश पोखरा<br>प्रथम पक्ष | मन्त्रालयको छाप | हस्ताक्षरः..............<br>नामः...................<br>पदः...............<br>.. (सञ्चार माध्यमको नाम)<br>दोश्रो पक्ष | सञ्चार माध्यमको छाप |

इति सम्वत् ......... साल ............महिना .................गते रोज .......... शुभम् ।

अनुसूची- ६
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**प्रतिनिधि तोकिएको**

मितिः-.....................

श्रीमान् सचिवज्यू,
.................................... मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषयः प्रतिनिधि तोकिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट मिति.................... प्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रममा सहभागी हुन सूचीकृत भएकोले नियमानुसार सम्झौता गर्नको लागि श्री .......................... लाई प्रतिनिधि तोकिएको व्यहोरा अनुरोध छ ।

संस्थाको नामः
ठेगाना :
फोन नं :
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः
(क) पत्रपत्रिका
(ख) रेडियो/एफ. एम रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नः
इमेल ठेगानाः

.....................
संस्थाको छाप

..........................
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखत

अनुसूची- ७

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**भुक्तानी पाउँ भन्ने निवेदनको ढाँचा**

मितिः-.....................

श्रीमान् सचिवज्यू,
.................................... मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषयः भुक्तानी पाउँ भन्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ बमोजिम रु.................... बराबरको लोककल्याणकारी विज्ञापन प्रकाशन/प्रसारण गरेको हुँदा देहायका कागजात संलग्न गरी नियमानुसार भुक्तानी पाउँन अनुरोध छ ।साथै लोक कल्याणकारी विज्ञापन प्रकाशन/प्रसारण गरेको समय तालिका देहाय बमोजिम रहेको प्रमाणित गर्दछु । प्रमाणित कागजात झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संस्थाको नामः
ठेगाना :
फोन नं :
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः
(क) पत्रपत्रिका
(ख) रेडियो/एफ. एम रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम

.....................
संस्थाको छाप

..........................
संचालक वा आधिकारिक
व्यक्तिको नाम र दस्तखत

**देहाय १ संलग्न कागजात**

(क) रसिद/बील
(ख) पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन प्रकाशित भएको अंक (सक्कलै)

(ग) रेडियो/एफ.एम रेडियो हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको अडियो संलग्न पेन ड्राइभ वा सी.डी.

(घ) टेलिभिजनको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको भिडियो संलग्न पेन ड्राइभ वा सी.डी.

(ङ) अनलाईन सञ्चार माध्यमको हकमा स्क्रिन सटको प्रिन्ट प्रति

(च) सम्झौता पत्रको प्रतिलिपि

(छ) राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त बैंकको खाता नं देखिने चेकको प्रतिलिपि

## देहाय २ समय तालिका

**(क) प्रसारण माध्यमको लागि**

| क्र.सं | प्रसारण गरेको मिति | समय (सुपर प्राइम/प्राइम/ सामान्य) | प्रसारण अवधि (मिनेटमा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**(ख) प्रकाशन माध्यमको लागि**

| क्र.सं | प्रकाशन गरेको मिति | अंक | प्रकाशन पृष्ठ/साइज र रङ्ग | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
शम्भु राज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.२५।-